सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई

धनगढी, कैलाली

२०७५

☎०९१-५२३९१५
९८५८४२४१०७

**विषय : दोस्रो पटक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**
(दोस्रो पटक प्रकाशन मिति :२०८२/१२/१०)
(दोस्रो पटक प्रकाशन मिति :२०८३/०२/०१)

मिति :२०८३/०२/०१

प्रस्तुत विषयमा यस इकाईको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "**थारु भाषा कला संस्कृति पहिचान सहितको साँस्कृतिक कार्यक्रम क्षेत्र नं. ३ को १ स्तरीय कैलाली**" कार्यक्रम सञ्चालनका लागि रु. १० (दश) लाख वजेट बिनियोजन भएकोले उक्त कार्यक्रम सञ्चालन गर्न निम्न योगयता पुगेको पर्यटन संग सम्बन्धित बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ को परिच्छेद ३ को बुँदा नं. ३.१ (ख) बमोजिम कार्यक्रमको उदेश्य सँग मेल खाने उल्लेखित कार्यको अनुभव भएको इच्छुक संस्थाले प्रस्ताव पेश गर्न मिति २८२/१२/१० मा प्रथम पटक सूचना प्रकाशन गर्दा कसैको पनि प्रस्ताव नपरेकोले दोस्रो पटकका लागि यो सूचना प्रकासन भएको मितिले ७ (सात) दिन भित्र यस इकाईबाट स्वीकृत कार्यसूची बमोजिम तयार गरिएको विस्तृत योजना सहितको प्रस्ताव (आर्थिक तथा प्राविधिक) छुट्टा छुट्टै सिलबन्दी गरी यस इकाईमा पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि यस इकाईमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

<u>पेश गर्नुपर्ने कागजातहरु:</u>

१. नेपाली भाषामा लेखिएको सिलबन्दी प्रस्ताव,
२. संस्था दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी,कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
३. सम्बन्धित कार्यको पूर्ब अनुभव सम्बन्धी कागजात,

<u>अन्य शर्त:</u>

१. कार्य सञ्चालनका लागि थारु भाषा कला संस्कृति सम्बन्धी साँस्कृतिक कार्यक्रम संचालन गर्ने उदेश्य भएको विगतका वर्षहरुमा उल्लेखित कार्यक्रमहरु सञ्चालन गरेको वा समान प्रकृतिका कार्यक्रम सञ्चालन गरेको अनुभव भएको संस्था फर्म हुनु पर्नेछ।
२. सिलबन्दी प्रस्तावहरु सूचनाको मिति समाप्त भएको दोश्रो दिन ( ८ औं दिन) ५:०० बजेको समयमा कार्यालय प्रतिनिधि र उपस्थित प्रस्तावकहरुको रोहबरमा खोलिने छ, तर प्रस्तावकहरु उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पुगेको मानिने छैन ।
३. सिलबन्दि खाम, प्रस्ताव र सम्बन्धित कागजातहरुमा सम्बन्धित संस्थाको छाप, कार्यक्रमको नाम र आधिकारीक पदाधिकारीको हस्तलिखित हस्ताक्षर अनिबार्य हुनुपर्नेछ ।
४. संस्थागत प्रस्ताव भए संस्थाको निर्णय प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ ।
५. सिलबन्दी नभएको वा रित नपुगेको वा म्याद नाघि आएको प्रस्ताव मान्य हुने छैन ।
६. यस इकाईले कुनै पनि प्रस्तावलाई कारण देखाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित राख्दछ।
७. यस सूचनामा उल्लेखित गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।
८. थप जानकारीको लागि कार्यालय समय भित्र इकाईमा वा ०९१-५२३९१५ मा सम्पर्क गर्न सकिने छ।